# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्रम तथा सामाजिक कल्याण मन्त्रालयका का.मु. सचिव श्री रविदेव शर्मा जेनेभामा हुने अन्तर्राष्ट्रिय श्रम संगठनको ७८ औं महाधिवेशनमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री जगन्नाथ जोशीलाई मिति २०४८।२।२० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारको मिति २०४७।७।१८ को निर्णयानुसार देहायका व्यक्तिहरू-लाई रा. प. अनं. प्रथम (प्रा.) ओभरसियर पदबाट नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उप-समूहको रा. प. तृ. श्रेणी (प्रा.) असिष्टेण्ट इन्जिनियर पदमा बढुवा नियुक्ति गरी निम्नानुसार पदस्थापन गरिएको छ ।

| सि. नं. | नाम, थर | पदस्थापन गरिएको कार्यालय |
|---|---|---|
| १. | श्री गोविन्दराज उपाध्याय | जिल्ला खानेपानी शाखा, रसुवा |
| २. | श्री देवनारायण यादव | " " " हुम्ला |
| ३. | श्री चन्द्रेश्वरनारायण शाह | " " " मुगु |
| ४. | श्री टुनेलाल चौधरी | " " " बाँके |
| ५. | श्री अमानूल्लाह हलवाई | " " " नवलपरासी |
| ६. | श्री प्रेमनाथ श्रेष्ठ | खानेपानी मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार